आज मिति २०८०।१२।२५ गते आइतबार दिनको २ : ०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र वहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिला |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८०/१२/२५

**बैठकका प्रस्तावहरु:**

१.१३औं नगर सभा (हिउँदे अधिवेशन) संचलान सम्बन्धमा ।

२. नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल)पन्चकृति मुल्य तोक्ने तथा **STOCK VERIFICATION**गर्ने सम्बन्धमा ।

३ .विविध ।

**बैठकका निर्णयहरु:**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मिथिला नगरपालिकाको १३औं नगर सभा (हिउँदे अधिवेशन) मिति २०८० साल चैत्र२६ गते सोमवार विहान ११:००वजे संचालन गर्ने भनी निर्णय भएकोमा प्राविधिक कारण मिति २०८१ साल बैशाख५गते बुधवार विहान ११:०० वजे मिथिला नगरपालिकाको कार्यालयमा संचालनगर्ने निर्णय गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मिथिला नगरपालिकाद्वारा विभिन्न समयमा Stock नापजाँच गर्न गठित समितिले पेश गरेको प्रतिवेदन अनुसारको जफत गरिएका अवैधानिक नदीजन्य पदार्थ (ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल)को पन्चकृति मुल्य तोक्ने तथा **STOCK VERIFICATION**गर्ने सम्बन्धमामिति २०८०/१२/२० गतेको यस नगरपालिकाका उप प्रमुख श्री सुनिता सिंह बुढाथोकीज्यूको संयोजकत्वमा बसेको राजस्व परामर्श समितिको बैठकबाटपन्चकृति मुल्य तोक्न सिफारिस गर्ने भनी निर्णय भएकोमा र मिति २०८०/१२/२३ गतेको यस नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा जिल्लाप्रशासन कार्यालय,धनुषा, जिल्ला समन्वय समितिको कार्यालय,धनुषा, जनकपुरधाम, कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा, मालपोत कार्यालय, ढल्केवर, धनुषा, नापी कार्यालय, ढल्केवर, धनुषा, नेपाल प्रहरी विशेष सुरक्षा गण, ढल्केवर, धनुषा,ईलाका प्रहरी कार्यालय, ढल्केवर, धनुषा,सशस्त्र प्रहरी वल वेश क्याम्प, नक्टाझिज, धनुषा,ईलाका प्रहरी कार्यालय, महेन्द्रनगर, धनुषाको संयुक्तबसेको बैठकबाट भएको निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दाराष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,सिंहदवार, काठमाडौंको च.नं.१२८२ मिति २०८०/१२/२० गतेको पत्र र जिल्ला प्रशासन कार्यालय, धनुषा, जनकपुरधामको प.स.०८०/०८१(प्रशा.) च.नं.१२१३० मिति २०८०/१२/२० गतेको पत्रको सन्दर्भमा यस नगरपालिकाको कुल जनसंख्या ४८६७६ जना रहेका मध्येबाट करिव ९००० जनाको मात्र राष्ट्रिय परिचयपत्र विवरण दर्ता गरेको तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,सिंहदवार, काठमाडौंको च.नं. २५९ मिति २०८०/०८/१८ गते सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई अनिवार्य राष्ट्रिय परिचयपत्र लागू भएको हुदाँ यस नगरपालिकाको सूचना प्राविधि शाखामा कार्यरत सूचना प्राविधि अधिकृत श्री विजय कुमार सिंहलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,सिंहदवार, काठमाडौंबाट तालिम दिई राष्ट्रिय परिचय पत्र दर्ता स्टेशन कार्यम गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।